ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ६** **संख्याः १०** **नगरसभाबाट पारित मितिः २०८०।०९।२६**

**प्रमाणिकरणः २०८०।१०।१७**

**प्रकाशन मितिः २०८०।१०।१८**

## भाग–१

## ठाकुरबाबा नगरपालिका

## ठाकुरबाबा नगरपालिकाको सूचना !

ठाकुरबाबा नगरपालिकाको मिति २०८०।०९।२६ गतेको नगरसभा बाट "**ठाकुरबाबा नगरपालिकाको उपभोक्ता हित संरक्षण तथा बजार अनुगमन ऐन,** २०८० पारित भइ प्रकाशन भएको हुँदा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

## <u>ठाकुरबाबा नगरपालिकाको उपभोक्ता संरक्षण तथा बजार अनुगमन ऐन, २०८०</u>

**<u>प्रस्तावनाः</u>** स्थानीय बजार व्यवस्थापन गरी स्वच्छ बजारको माध्यमबाट गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने उपभोक्ताको मौलिक हकलाई स्थानीय तहमा संरक्षण तथा सम्वर्द्धन गर्न, नगरपालिकाभित्र बसोबास गर्ने आम उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिणाम वा मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न, वस्तु वा सेवाको उत्पादन स्थल वा भन्सार विन्दु, ढुवानी मार्ग, भण्डारण तथा सञ्चय स्थल, थोक तथा खुद्रा बिक्री स्थल तथा उपभोग स्थल लगायतका ठाउँहरूमा वस्तु वा सेवा प्रदायक वा विक्रेताको व्यवसायिक कारोबारको दर्ता, नवीकरण, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको नियमन गर्न बजार व्यवस्थापन तथा अनुगमन र उपभोक्ता हित संरक्षण तथा सम्वर्द्धन सम्बन्धमा नेपालको संविधानको अनुसूची-८ को बुँदा नं. १० तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११

ठाकुरबाबा नगरपालिकाको उपभोक्ता संरक्षण तथा बजार अनुगमन ऐन, २०८०

(२) को बुँदा नं. (ञ) को उपबुँदा नं. (१), (२), (३), (४), (५), (९), (११), (१४) र (१९) ले गरेको व्यवस्थाका सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी ठाकुरबाबा नगरपालिकाको चौंधौ नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"ठाकुरबाबा नगरपालिकाको उपभोक्ताहित संरक्षण तथा बजार अनुगमन ऐन, २०८०"** रहेको छ ।

(२) यो ऐन ठाकुरबाबा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषयवा प्रसंगले अर्को अर्थ नलागेमा, यस ऐनमा;-

(क) **"अनुचित व्यापारिक क्रियाकलाप"** भन्नाले दफा १० बमोजिमको क्रियाकलाप सम्झनुपर्छ ।

(ख) **"उपभोक्ता"** भन्नाले कुनै वस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने व्यक्त वा संस्था सम्झनुपर्छ ।

(ग) **"उपभोक्ता संस्था"** भन्नाले उपभोक्ताहित संरक्षण तथा संवर्द्धनको उद्देश्यले प्रचालित कानूनबमोजिम स्थापना भएको संस्था वा त्यस्तो संस्थाको यस नगरस्तरीय शाखासमेतलाई सम्झनुपर्छ ।

(ध) **"गुणस्तरहीन वस्तु"** भन्नाले दफा १९ बमोजिमको अवस्था भएको वा रहेको उपभोग्य वस्तु सम्झनुपर्छ ।

(ङ) **"गुणस्तरहीन सेवा"** भन्नाले कुनै सेवाको गुणस्तर तोकिएको वा दाबी गरिएकोमा त्यस अनुरूप नभएको भन्ने सम्झनुपर्छ ।

(च) **"तोकिएको वा तोकिएबमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको मियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

(छ) **"नगरपालिका"** भन्नाले ठाकुरबाबा नगरपालिका सम्झनुपर्छ । सो शब्दले नगर कार्यपालिकालाई समेत जनाउनेछ ।

(ज) **"निरीक्षण अधिकृत"** भन्नाले दफा २६ बमोजिम नियुक्त निरीक्षण अधिकृत सम्झनुपर्छ ।

(झ) **"वस्तु"** भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तुको सम्मिश्रणबाट बनेको पदार्थ सम्झनुपर्छ । सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ, सुगन्ध वा रसायन लगायत मूल्य लिई वा नलिई बिक्रीवितरण गरिने सबै प्रकारका वस्तुलाई जनाउनेछ ।

(ञ) **"बजार अनुगमन समिति"** भन्नाले नगर कार्यपालिकाबाट दफा २२ बमोजिम गठन गरेको बजार अनुगमन समिति सम्झनुपर्छ ।

(ट) **"प्रदायक"** भन्नाले मूल्य वा दस्तुर वा पारिश्रमिक लिई वा नलिई कुनै वा सबै प्रकारका वस्तु वा सेवा बिक्री वितरण गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनुपर्छ ।

ठाकुरबाबा नगरपालिकाको उपभोक्ता संरक्षण तथा बजार अनुगमन ऐन, २०८०

(ठ) **"लेबल"** भन्नाले उपभोग्य वस्तु वा उपभोग्य वस्तु राखिएको भाँडो वा त्यस्तो उपभोग्य वस्तु वा उपभोग्य वस्तुमा लेखिएको, छापिएको, लिथो गरिएको, चिह्न लगाइएको, इम्बोर्स गरिएको, समावेश गरिएको वा अन्य कुनै किसिमले देखाइएको ट्याग, चिन्ह, तस्वीर वा अन्य विवरणात्मक वस्तु सम्झनुपर्छ ।

(ड) **"समिति"** भन्नाले दफा २१ बमोजिम गठित बजार व्यवस्थापन तथा उपभोक्ताहित संरक्षण समितिलाई सम्झनुपर्छ ।

(ढ) **"सेवा"** भन्नाले, विद्युत, खानेपानी, टेलिफोन, वातावरणीय, बैंक तथा वित्तीय, स्वास्थ्य र सामाजिक निर्माण तथा इन्जिनियरिङ् सेवा, यातायात, चिकित्सालगायतका दस्तुर वा पारिश्रमिक प्रदान गरिने सम्पूर्ण सेवाहरूलाई सम्झनुपर्छ ।

(ण) **"स्थानीय बजार"** भन्नाले ठाकुरबाबा नगरपालिका क्षेत्रभित्रको वस्तु वा सेवा बजार सम्झनुपर्छ ।

(त) **"प्रयोगशाला"** भन्नाले उपभोग्य वस्तुको परीक्षण तथा मापदण्ड वैज्ञानिक अनुसन्धानबाट जाँच गर्ने ठाउँ भनेर सम्झनुपर्छ ।

## परिच्छेद- २

## स्थानीय बजार व्यवस्थापनसम्बन्धी व्यवस्था

**३. नगरपालिकाले बजार व्यवस्थापन तथा उपभोक्ताहित संरक्षणसम्बन्धी गर्ने कार्यहरूः**

(१) नगरपालिकाले स्थानीय बजार व्यवस्थापन तथा उपभोक्ताहित संरक्षणसम्बन्धी देहायका कार्यहरू गर्नेछः

(क) स्थानीय व्यापार, वस्तु वा सेवाको माग, आपूर्ति तथा अनुगमनसम्बन्धी नीति, कानून, मापदण्डहरू तर्जुमा गरी कार्यान्वयन र नियमन गर्ने,

(ख) बजार तथा हाट बजार सञ्चालन र व्यवस्थापन गर्ने,

(ग) स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन गर्ने,

(घ) स्थानीय व्यापार र वाणिज्यसम्बन्धी पूर्वाधार निर्माण गर्ने,

(ङ) स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन गर्ने,

(च) स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन गर्ने,

(छ) स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान गर्ने,

(ज) निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने,

(झ) स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन गर्ने,

(ज) स्थानीय सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन गर्ने,

(ट) उपभोक्ता जागरण तथा सशक्तीकरण, गुनासो व्यवस्थापन गर्ने,

(ठ) जागरूक उपभोक्ता तथा जिम्मेवार बिक्रेतालाई प्रोत्साहन गर्ने,

(ड) लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण गर्ने,

(ढ) स्थानीयस्तरमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचबिखन र उपभोग नियन्त्रण गर्ने

(ण) वातावरणीय प्रदूषण र हानिकारक पदार्थहरूको नियन्त्रण, अनगुमन तथा नियमन गर्ने,

(त) वस्तु र सेवा बजारको व्यवस्थापन तथा स्थानीय बजारको सुरपरिवेक्षण तथा अनुगमन गर्ने,

(थ) वस्तु तथा सेवाको कृतिम अभाव सिर्जना गर्ने कार्य नियन्त्रण गर्ने,

(द) स्थानीय बजार व्यवस्थापनसम्बन्धी आवश्यक अन्य कार्य गर्ने ।

(२) उपदफा (१) बमोजिमका कार्यहरू सम्पन्न गर्न नगरपालिकाले सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साभेदारीमा आवश्यक कार्ययोजनासहित बजेट व्यवस्थापन र कार्यक्रम कार्यान्वयन गर्नेछ ।

## परिच्छेद- ३

## उपभोक्ताको अधिकार तथा बजारसँग सम्बद्ध पक्षको दायित्वसम्बन्धी व्यवस्था

**४. उपभोक्ताको अधिकारको संरक्षण र संवर्द्धनसम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाले प्रचलित कानूनबमोजिम उपभोक्तालाई प्राप्त अधिकारको संवर्द्धन र संरक्षण गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अधिकार संरक्षण र संवर्द्धनका लागि नगरपालिकाले नीति तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्नेछ ।

(३) नगरपालिकाले उपभोक्ता अधिकारको संरक्षणका लागि विविध कार्यक्रम सञ्चालन गर्नेछ ।

(४) उपभोक्ताको अधिकार संरक्षण गर्न नगरपालिकाले आवश्यक नीतिगत तथा संस्थागत व्यवस्था गर्नुपर्नेछ ।

(५) उपभोक्ताहित संरक्षणको लागि वस्तु र सेवाको आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, लेबल, विज्ञापन आदिको नियमित बजार सुपरिवेक्षण तथा अनुगमनसम्बन्धी व्यवस्था समय समयमा नगरकार्यपालिकाले तोकिएबमोजिम हुनेछ ।

(६) नगरपालिकाभित्र उपभोक्ता सचेतना अभिवृद्धिसम्बन्धी कार्यक्रम समितिले तोकिएबमोजिम हुनेछ ।

**५. वस्तु वा सेवाको बजारसँग सम्बद्ध पक्षको दायित्वः** नगरपालिकाभित्र वस्तु वा सेवाप्रदान गर्ने प्रत्येक उत्पादक, आयातकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, बिक्रेता वा सेवा प्रदायकले प्रचालित कानूतबमोजिमको दायित्व पूरा गर्नुपर्नेछ ।

## परिच्छेद- ४

## दर्ता, अनुमति, नवीकरणसम्बन्धी व्यवस्था अनुमति, नवीकरणसम्बन्धी व्यवस्था

**६. व्यवसाय दर्ता तथा स्वीकृतिसम्बन्धी व्यवस्थाः** (१) नगरपालिका क्षेत्रभत्र बिक्रीवितरण गर्ने उद्देश्यले स्थापित वस्तु वा सेवाका उत्पादक, आयातकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, सङ्कलनकर्ता लगायतका प्रदायक वा बिक्रेताले आफ्नो कारोबार सञ्चालन गर्दा नगरपालिकामा दर्ता गरी वा अनुमति लिई कारोबार सञ्चालन गर्नुपर्नेछ ।

(२) नगरपालिका क्षेत्रभित्र कुनै वस्तु वा सेवा व्यवसाय गर्ने उद्देश्यले स्थापित हाट बजार, होमस्टे, महोत्सव, मेला वा पर्या-पर्यटनसँग सम्बन्धीत र्याफ्टिङ, क्याननिङ, प्यारागलाइडिङ लगायतका व्यवसाय कारोबार सञ्चालन गर्दा नगरपालिकामा दर्ता गरी वा अनुमति लिई कारोबार सञ्चालन गर्नु पर्नेछ ।

(३) प्रदायक वा बिक्रेताले आफूले सञ्चालन गर्ने कारोबारको लागि प्रचालित संघ र प्रदेश कानूनबमोजिम दर्ता स्वीकृति लिनुपर्ने भए लिएको प्रमाणसमेत आवेदनका साथ पेस गर्नु पर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम पेस भएको दर्ता वा अनुमतिको आवेदनउपर नगरपालिकाले छानबिन गरी दर्ता गर्न मिल्ने भए दर्ता गरी सोको प्रमाणपत्र उपलब्ध गराउनेछ ।

तर नगरपालिकामा पेश भएको सेवा वा व्यवसाय दर्ता गर्न नमिल्ने भए सोको स्पष्ट कारणसहित आवेदन दर्ता भएको मितिले बढीमा सात दिनभित्र आवेदकलाई जानकारी गराउनु पर्नेछ ।

(५) कुनै वस्तु वा सेवाको प्रदायक वा बिक्रेताका हकमा दर्ता वा अनुमति प्रदान गर्नुअघि कुनै निश्चित शर्त पालना गर्नुपर्ने वा तालिम वा अभिमुखीकरण लिनुपर्ने भए सोको लागि आवश्यक कार्यीवधि निर्धाण गर्न सक्नेछ ।

(६) नगरपालिकाभित्र कुनै उद्योग वा वस्तु वा सेवा प्रदान गर्ने उद्देश्यले कसैले प्रचलित कानूनबमोजिम कुनै फर्म, कम्पनी, एजेन्सी, संस्था दर्ता गर्न चाहेमा नगरपालिकाले आवश्यक सिफारिस गर्न सक्नेछ ।

(७) दर्ता, अनुमति तथा सिफारिससम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

७. **<u>दर्ता नवीकरण गर्नुपर्नेः</u>** दफा ६ बमोजिमका नगरपालिकामा दर्ता गरिएका उद्योग, फर्म, पसल,कारोबार, व्यवसाय, हाटबजार, मेला, महोत्सव, पर्या-पर्यटनजस्ता प्रदायकले प्रत्येक वर्ष असोज मसान्तभित्रै तोकिएबमोजिम लाग्ने शुल्क वा दस्तुर बुझाई दर्ता वा अनुमति नवीकरण गर्नुपर्नेछ ।

८. **<u>दर्ता तया अनुमति खारेजी सम्बन्धी व्यवस्थाः</u>** (१) देहायका अवस्थामा दर्ता तथा अनुमति खारेज हुनेछः-

(क) लगातार तीन वर्षसम्म नवीकरण नगरेमा,

(ख) उद्देश्य विपरीत काम गरेमा,

(ग) यस ऐन वा यस ऐनअन्तर्गत बनेका नियमको कम्तीमा तीन पटक उल्लङ्घन गरेमा,

(घ) स्वीकृति बेगर तोकिएको स्थानभन्दा अन्यत्रै कारोबार सञ्चालन गरेमा,

(ङ) आफूले उत्सर्जन गरेको फोहोर वा अन्य पदार्थको उचित व्यवस्थापन नगरेमा तथा वा प्रचालित कानून प्रतिकूल वातावरणमा हानि नोक्सानी पुगाएमा,

(च) अनुचित व्यापारिक क्रियाकलाप गरेमा,

(छ) तोकिएबमोजिमका अन्य निषिद्ध काम कुराहरू गरेमा ।

(२) दर्ता वा अनुमति खारेजी गर्नुअघि सम्बन्धितलाई सुनुवाइको मौका प्रदान गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको खारेजीको निर्णय उपर सम्बन्धितले थाहा पाएको मितिले एक्काइस दिनभित्र नगर प्रमुख समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पर्न आएको पुनरावेदनको सम्बन्धमा नगरप्रमुखले गरेको निर्णय अन्तिम हुनेछ ।

(५) प्रदायक वा बिक्रेता दर्ता वा अनुमतिको खारेजीसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

९. **प्रदायकले उद्योग, फर्म, पसल, व्यवसाय सञ्चालन गर्दा मापदण्ड पालना गर्नुपर्नेः** प्रदायकले प्रचलित कानूनले तोकेको गुणस्तर वा मापदण्डभित्र रही उद्योग, फर्म, व्यवसाय, कारोबार, सेवा प्रदान स्थलको पूर्वाधार तयार गरी व्यवसाय सञ्चालन गर्नुपर्नेछ ।

## परिच्छेद- ५

## अनुचित व्यापारिक क्रियाकलाप नियन्त्रण तथा बजार व्यवस्थापन सम्बन्धी व्यवस्था

१०. **अनुचित व्यापारिक क्रियाकलाप गर्न नहुनेः** कसैले पनि नगरपालिकाभित्र देहायबमोजिमको अनुचित व्यापारिक क्रियाकलाप गर्न वा गराउन पाइने छैनः-

(क) उपभोग्य वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा वा बनावट आदि ढाँटी, लुकाईछिपाई वा झुक्याई त्यस्तो वस्तु वा सेवा बिक्री वा प्रदान गर्ने,

(ख) झूट्टा वा भ्रमपूर्ण विज्ञापन गर्ने वा भ्रमपूर्ण विज्ञापन गरी वस्तु वा सेवा बिक्री गर्ने,

(ग) उपभोग्य वस्तु वा सेवाको हकमा मौखिक, लिखित वा दृश्यबाट देहायका कुनै काम गर्नेः-

(१) कमसल वस्तुलाई विशिष्ट वा गुणस्तर भएको स्तरमान, गुणस्तर, मात्रा, श्रेणी, संरचना, डिजाइन देखाई बिक्री गर्ने,

(२) पुनर्निर्मित वा पुराना वस्तुलाई नयाँ हो भनी देखाई वा भुक्याई बिक्री गर्ने,

(३) घोषित गरिएका कुनै फाइदा नहुने अवस्थामा पनि वस्तु वा सेवाको बिक्री गर्दा भुट्टा र भ्रमपूर्ण रूपमा विज्ञापन वा सूचना प्रसार गर्ने,

(४) उपभोग्य वस्तुको उपभोगवाट उपभोक्ताको कुनै रोग निको हुने भन्ने तथ्यगत आधारबिना नै त्यस्तो वस्तुको दाबी वा प्रत्याभूति गर्ने वा बिक्री गर्ने ।

(घ) कुनै उपभोग्य वस्तु वा सेवाको वास्तावक लागतको आधारभन्दा फरक आधारमा उपभोक्ता मूल्यमा भार पर्ने गरी मूल्य निर्धारण गरेमा वा कुनै प्रतियोगिता, चिट्ठा, अवसर आदिको लागतसमेत समावेश गरी मूल्य तय गर्ने वा त्यस्तो मूल्यमा बिक्री गर्ने,

(ङ) कुनै उपभोग्य वस्तु वा सेवाको मूल्यमा दान, इनाम वा निःशुल्क पाइने अन्य वस्तुको मूल्य वा लागत समावेश गरी मूल्य निर्धारण गर्ने वा त्यस्तो मूल्यमा त्यस्तो वस्तु वा सेवाको बिक्री गर्ने,

(च) कुनै उपभोग्य वस्तु वा सेवामा तोकिएको गुणस्तर वा मानकभन्दा घटी हुने वा बढी हुने गरी वा त्यस्तो वस्तु वा सेवा उपभोगबाट उपभोक्तालाई हानि, नोक्सानी पुगाउने गरी त्यस्तो वस्तु उत्पादन, मिश्रण वा आपूर्ति वा ओसारपसार वा सञ्चय वा बिक्री गर्ने,

(छ) कुनै उपभोग्य वस्तुको अनुचित सञ्चय वा कृत्रिम अभाव हुने गरी मूल्य बढाउने, जम्माखोरी गर्ने वा बिक्री गर्ने,

(ज) त्रुटिपूर्ण उत्पादनबाट नष्ट भएको वस्तुको मूल्य वा व्यापारिक कारोबारको सिलसिलामा करार भएको वस्तुको मूल्यसमेत अन्य वस्तुको लागत मूल्यमा समावेश गरी बिक्री गर्ने,

(झ) सक्कली वस्तुलाई विस्थापित गर्न नक्कली वस्तु उत्पादन गर्ने वा त्यस्तो उत्पादनको बिक्री गर्ने,

(ञ) बिक्री गरेको वस्तु वा सेवाको बिल वा बिजक जारी नगर्ने वा बिल वा बिजक जारी गर्न इन्कार गर्ने,

(ट) कुनै उपभोग्य वस्तु उपभोग गर्दा उपभोक्तालाई हानि, नोक्सानी वा क्षति पुग्ने गरी विषादी वा कुनै रसायनको प्रयोग गर्ने वा त्यसरी प्रयोग भएको वस्तु बिक्री गर्ने,

(ठ) उपभोग्य वस्तु उपभोग गरी सक्नुपर्ने अवाध व्यतीत भइसकेको वस्तु वा उपभोग गर्न नमिल्ने वस्तुमा नयाँ लेबल लगाई त्यस्तो वस्तु बिक्री गर्ने,

(ड) उपभोग गर्न नसकिने गुणस्तरहीन वस्तु पैठारी, उत्पादन वा बिक्री गर्ने,

(ढ) उत्पादक, आपूर्तिकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता वा बिक्रेता वा त्यस्ता व्यक्त र अन्य व्यक्ति, संघ संस्थाको मिलेमतोबाट लागेको लागत र तोकिएभन्दा बढी मूल्य निर्धारण गर्ने वा बिक्री गर्ने,

(ण) कुनै उपभोग्य वस्तु वा सेवा बिक्री गर्दा तोकिएको व्यापारिक तहभन्दा बढी तह वा श्रृङ्खला खडा गरी बिक्री वा प्रदान गर्ने,

(त) कुनै उपभोग्य वस्तु वा सेवा बिक्री वा प्रदान गर्न कुनै संरचना, मानक वा मापदण्ड तोकिएकोमा त्यस्तो संरचना, मानक वा मापदण्ड पूरा नगरी बिक्री गर्ने,

(थ) कुनै वस्तु वा सेवा बिक्री वा प्रदान गर्न कुनै संरचना, मानक वा मापदण्ड तोकिएकोमा त्यस्तो संरचना, मानक वा मापदण्ड पूरा नगरी बिक्री गर्ने ।

**११. <u>बजारको तह निर्धारणसम्बन्धी व्यवस्थाः</u>** (१) नगरपालिकाले उपभोक्ता हकहित संरक्षण गर्न, बजारको नियमबमोजिम बजार व्यवस्थापन गर्न, बजारलाई स्वच्छ, सुलभ तथा पारदर्शी बनाउन तोकिएको कुनै पनि वस्तु वा सेवाको लागि बजार वा प्रदायकको तह निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएभन्दा बढी तह कायम हुने गरी कसैले पनि वस्तु वा सेवाको बिक्री वितरण गर्न पाइने छैन ।

**१२. <u>आपूर्ति व्यवस्थापनः</u>** (१) नगरपालिका क्षेत्रमा आवश्यक वस्तु वा सेवाको बजार मागअनुसार आपूर्तिको व्यवस्थापन सम्बन्धित वस्तु वा सेवाको प्रदायक वा बिक्रेताले गर्नुपर्नेछ ।

(२) समितिले वस्तु वा सेवाको बजारमा मागअनुसार उत्पादन, आयात मौज्दात तथा भण्डारणको अवस्थाका सम्वन्धमा नियमित विश्लेषण गरी सोको आधारमा सम्बन्धीत प्रदायक वा बिक्रेतालाई आपूर्ति व्यवस्थापनका लागि आवश्यक व्यवस्थापन गर्नेछ ।

(३) नगरपालिका आफैंले वा सार्वजनिक निजी साभेदारी वा सहकारी वा अन्यकुनै व्यवस्थापनबाट नगरपालिकाभित्र वस्तु एवं सेवाको आपूर्ति व्यवस्थापन गर्न सक्नेछ ।

(४) नगरपालिका वा समितिले मागेको वस्तु र सेवाको मौज्दात वा सञ्चयलगायतका विवरण तोकिएको समयभित्र सम्बन्धित प्रदायक वा बिक्रेताले दिनुपर्नेछ ।

(५) अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति व्यवस्थालाई असहज बनाउने उद्देश्यले कसैले पनि कृत्रिम अभावको सिर्जना, जम्माखोरी, कृत्रिम मूल्यवृद्धि र नाफाखोरीजस्ता कार्य गर्नु गराउनु हुँदैन ।

(६) विपद्, महामारी वा अन्य कुनै कारणले बजारमा दैनिक उपभोग्य अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति व्यवस्थामा गम्भीर संकट वा विचलनको अवस्था आएमा नगरपालिकाले त्यस्तो वस्तु वा सेवाको बजारलाई व्यवस्थापन नियन्त्रण गरी सहज आपूर्ति व्यवस्था नभएसम्मको लागि कुनै निजी, सार्वजनिक संस्था वा सहकारीमार्फत् त्यस्तो वस्तु र सेवाको बिक्रीवितरण व्यवस्था गराउन सक्नेछ ।

(७) आपूर्ति व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**१३. वस्तु वा सेवाको बिक्री स्थलसम्बन्धी व्यवस्थाः** (१) नगरपालिका क्षेत्रभित्र वस्तु वा सेवाको व्यापार व्यवसाय गर्दा दर्ता वा अनुमति प्राप्त गरेको स्थलमा बाहेक अन्यत्र सेवा सञ्चालन तथा वस्तुको बिक्रीवितरण गर्न, गराउन पाइने छैन ।

(२) उपदफा (१) बमोजिम तोकिएको स्थलबाहेक अन्यत्र वा निषेधित क्षेत्रमा कसैले पनि सेवा वा वस्तुको बिक्रीवितरण गर्न पाउने छैन ।

(३) नगरपालिकाले निषेधित क्षेत्रमा सेवा वा वस्तुको बिक्रिवितरण गरेको पाइएमा उक्त सेवा बन्द गर्न वा वस्तु नियन्त्रणमा लिइ नष्ट गर्न सक्नेछ ।

(४) वस्तु वा सेवा सञ्चालन वा बिक्रीवितरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१४. सुपथ मूल्यको पसलको स्थापना तथा सञ्चालन गर्नेः** (१) नगरपालिकाले दैनिक उपभोग्य वस्तुहरूको सहज र सुपथ उपलब्धताका लागि सार्वजनिक, सहकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा सुपथ मूल्यका पसलको स्थापना तथा सञ्चालन गर्न गराउन सक्नेछ ।

(२) सुपथ मूल्यको पसलको मालवस्तुलाई कसैले पनि बढी मूल्यमा बिक्री गर्न गराउन पाइने छैन ।

(३) सुपथ मूल्यसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**१५. स्थान र समय निर्धारण गर्न सक्नेः** (१) नगरपालिकाले वस्तुवा सेवा प्रदायकको बिक्रीवितरणका लागि कुनै निश्चित स्थान वा समय निर्धारण गर्न वा सोसम्बन्धी पूर्वाधार विकास गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थान, समय निर्धारण वा पूर्वाधार विकास गर्दा एकीकृत बजार वा एकै प्रकारका फर्म, पसल, कम्पनी, उद्योग व्यवसायलाई एकै ठाउँमा सञ्चालन गर्ने गरी दर्ता वा अनुमति प्रदान गरी व्यवस्थापन गर्न सक्नेछ ।

(३) स्थान वा समय निर्धारणसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**१६. <u>वातावरण सफा र स्वच्छ राख्नुपर्नेः</u>** (१) नगरपालिका क्षेत्रमा कारोबार गर्ने वस्तु वा सेवा प्रदायक नगरपालिका क्षेत्रको सरसफाइ र स्वच्छतामा हानि, नोक्सानी गर्ने कुनै पनि गतिविधि गर्न पाउने छैन।

(२) कारोबार स्थल, सडक, बाटो सफा राख्नु तथा आफूले उत्सर्जन गरेको फोहोरको प्रचालित कानून बमोजिम व्यवस्थापन गर्नु सम्बन्धित प्रदायकको कर्तव्य हुनेछ।

## <u>परिच्छेद- ६</u>

## <u>अत्यावश्यक वस्तु र सेवाको सूची र मूल्य निर्धारणसम्बन्धी व्यवस्था</u>

**१७. <u>अत्यावश्यक वस्तु र सेवाको सूची र मूल्य निर्धारणसम्बन्धी व्यवस्थाः</u>** (१) नगरपालिकाले अत्यावश्यक वस्तु वा सेवाको सूची निर्धारण वा अधिकतम उपभोक्ता मूल्य निर्धारण गरी सार्वजनिक सूचना प्रकाशित गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिका भित्र तोकिएको अधिकतम मूल्यभन्दा बढी हुने वस्तु वा सेवा बिक्री गर्न पाउने छैन ।

(३) उपदफा (१) बमोजिमको अत्यावश्यक वस्तु वा सेवाको सूची र अधिकतम उपभोक्ता मूल्यसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**१८. <u>मूल्य सूची तथा दर्ता प्रमाणपत्र राख्नुपर्नेसम्बन्धी व्यवस्थाः</u>** (१) वस्तु वा सेवा प्रदायकले पसलमा रहेको प्रत्येक उपभोग्य वस्तुको कारखाना मूल्य तथा बिक्रेताले बिक्रीवितरण गर्ने प्रत्येक वस्तुको थोक वा खुद्रा मूल्य र सेवा प्रदायकले प्रदान गर्ने सेवाको शुल्क स्पष्ट रूपमा उल्लेख गरी मूल्यसूची राख्नु पर्नेछ ।

(२) उत्पादक वा बित्रेतावा सेवा प्रदायकले खरिद बिक्रीसम्बन्धी बिलबजक दुरुस्त राख्नुपर्नेछ ।

(३) वस्तु वा सेवाको बिल वा बिजक नगरपालिका, समिति, अनुगमन टोली र निरीक्षण अधिकृतले मागेका बखत उपलब्ध गराउनु पर्नेछ ।

(४) वस्तु वा सेवा बिक्री गर्दा उपभोक्तालाई बिक्रेताले बिलदिनु पर्नेछ ।

## <u>परिच्छेद- ७</u>

## <u>गुणस्तरसम्बन्धी व्यवस्था</u>

**१९. <u>गुणस्तरहीन वस्तु वा सेवाको बिक्रीवितरण गर्न नहुनेः</u>** कसैले पनि नगरपालिका क्षेत्रभित्र गुणस्तरहीन वस्तु वा सेवाको उत्पादन, पैठारी तथा बिक्रीवितरण गर्नुहुँदैन । गुणस्तरहीन वस्तु भन्नाले देहायको कुनै अवस्था भएको वा रहेको उपभोग्य वस्तु सम्झनुपर्छः-

(क) तोकिएकोभन्दा कम गुणस्तर भएको वा त्यस्तो वस्तुमा हुनुपर्ने आवश्यक तत्व वा पदार्थको घटाइएको वा अर्को कुनै पदार्थको मिसावट गरिएको,

(ख) मानव स्वास्थ्यलाई हानी हुने गरी सडेको, गलेको वा फोहोरमैला वा विषादी मिश्रण गरी तयार गरिएको वा स्वास्थ्यलाई हानी हुने कुनै रसायन, रङ वा सुगन्ध प्रयोग गरिएको,

(ग) त्यस्तो वस्तुको केही वा सबै भाग कुनै रोगी वा रोगकारक पशुपन्छी वा हानिकारक वनस्पतीबाट बनाइएको,

(घ) तोकिएको मापदण्ड पूरा नगरी उत्पादन, ढुवानी, सञ्चय, भण्डारण वा बिक्री गरिएको,

(ङ) उपभोग्य वस्तुको गुणस्तर तोकिएकोमा सोहीबमोजिम र नतोकिएकोमा उत्पादक वा पैठारीकर्ता वा बिक्रेताले तोकेबमोजिमको गुणस्तर नभएको ।

**२०. <u>लेबल र उपभोग्य म्यादसम्बन्धी व्यवस्थाः</u>** (१) नगरपालिकाभित्र प्रचालित कानूनबमोजिम लेबल भएको वस्तु मात्र उत्पादन, पैठारी, ढुवानी, भण्डारण, तथा बिक्रीको लागि राखुपर्नेछ।

(२) गुणस्तरहीन वस्तु वा म्यादगुज्रेका वस्तु नगरपालिकाले नियन्त्रणमा लिई नष्ट गर्न सक्ने वा प्रदायलाई सम्बन्धित आपुर्तिकर्तालाई फिर्ता गर्न लगाउन सक्नेछ ।

## परिच्छेद- ८

## समिति तथा बजार अनुगमन टोलीको गठन तथा काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था

**२१. <u>बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिः</u>** (१) यस ऐन कार्यान्वयन गर्न नगरपालिकाभित्र देहायबमोजिमको एक बजार व्यवस्थापन तथा उपभोक्ताहित संरक्षण समितिको गठन हुनेछः-

(क) नगरपालिकाको उपप्रमुख — संयोजक

(ख) आर्थिक विकास समितिको संयोजक — सदस्य

(ग) जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि (अधिकृतस्तर) — सदस्य

(घ) नगरपालिकाको क्षेत्रभित्र कार्यरत विभिन्न वस्तु र सेवा क्षेत्रका नगर, संघीय वा प्रदेश सरकार अन्तर्गतका कार्यालयका प्रतिनिधि (अधिकृतस्तर) — सदस्य

(ङ) नगरपालिका उद्योग वाणिज्य संघको अध्यक्ष वा प्रतिनिधि — सदस्य

(च) उपभोक्ता हित संरक्षणसम्बन्धी संस्थाको नगर अध्यक्ष वा प्रतिनिधि — सदस्य

(छ) नगरपालिकाको सम्बन्धित शाखाको प्रमुख — सदस्य-सचिव

(२) समितिको बैठकसम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(३) उपदफा (२) का (ग), (घ) र (च) बमोजिमका सदस्यहरू नभएको वा उपस्थित नभएको कारणले मात्रै समिति गठनमा कुनै बाधा पर्ने छैन ।

**२२. <u>समितिको काम,कर्तव्य र अधिकारः</u>** (१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) उपभोक्ताहीत संरक्षण तथा स्वच्छ बजार व्यवस्थापनसम्बन्धी आवश्यक नीतिगत व्यवस्था गर्ने,

(ख) बजारलाई स्वच्छ र प्रतिस्पर्धी बनाउन उपभोक्ताको हकहितमा प्रतिकूल असर पर्ने वा पर्न सक्ने एकाधिकार वा अनुचित व्यापारिक क्रियाकलापको रोकथाम र नियन्त्रण गर्ने वा त्यस सम्बन्धमा कार्य योजना बनाई लागु गर्ने,

(ग) अत्यावश्यक वस्तुहरूको माग र आपूर्तिको अवस्था सम्बन्धी तथ्याङ्क सङ्कलन गरी मागबमोजिम आपूर्ति व्यवस्था सहज र सुलभ बनाउन आवश्यक कार्य गर्ने,

(घ) आपूर्ति व्यवस्थालाई सहज, सुलभ र पहुँचयोग्य बनाउन सार्वजनिक संस्था, सहकारी र निजी क्षेत्रलाई प्रोत्साहन गर्ने,

(ङ) उपभोक्ताको हीत संरक्षण गर्न आपूर्ति व्यवस्था र उपभोग्य वस्तु वा सेवाको छड्के अनुगमन गर्ने,

(च) उपभोक्ता शिक्षासम्बन्धी सचेतना र बजार अनुगमनको कार्ययोजना तयार गरी लागु गर्ने,

(छ) उपभोक्ताको गुनासो तथा सूचना प्राप्त गर्न नगर उपभोक्ता हटलाइनजस्ता सेवा सञ्चालन गरी उपभोक्तालाई गुनासो गर्न सहज सुलभ बनाई तिनलाई जायज गुनासो गर्न प्रोत्साहन तथा पुरस्कृत गर्ने,

(ज) बजार अनुगमनसम्बन्धी कामको मूल्याङ्कन गरी अनुगमन टोलीलाई आवश्यक निर्देशन गर्ने,

(झ) नगर कार्यपालिकाले दिएको अन्य निर्देशन र आदेशको कार्यान्वयन गर्ने, गराउने,

(ञ) उपभोक्ताहित विपरीत भएका कार्यमा आवश्यक कानूनी कारबाहीको लागि निरीक्षण वा अनुसन्धान अधिकृत तोक्ने,

(ट) नगरपालिकाभित्र खपत हुने उपभोग्य वस्तु वा सेवाको माग र आपूर्ति स्थितिको निरन्तर विश्लेषण तथा समीक्षा गरी माग अनुसारको आपूर्ति व्यवस्थापन गर्ने, गराउने,

(ठ) वस्तु वा सेवाका उत्पादक, बिक्रेता वा वितरकहरूले अवाञ्छित तरिकाले गरेको मूल्य वृद्धिलाई रोक्न र नियन्त्रण गर्न आवश्यक व्यवस्था गर्ने,

(ड) उपभोक्तालाई उचित मूल्य र सहज रूपमा खाद्यान्नलगायतका अन्य दैनिक उपभोग्य वस्तुको आपूर्ति सुनिश्चित गर्न नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्था वा निजी फर्म वा कम्पनीलाई प्रोत्साहित गर्ने,

(ढ) कुनै ठाउँ विशेषको लागि कुनै वस्तु वा सेवाको निश्चित अवधिका लागि अधिकतम मौज्दातको परिमाण तोक्ने,

(ण) नगरपालिका क्षेत्रभित्र उत्पादित कुनै खाद्यवस्तुको अभाव भएमा त्यस्तो खाद्यवस्तुको निश्चित परिमाण निर्धारण गरी तोकिएको वा उचित मूल्यमा उत्पादक, भण्डारक, आयातकर्ता वा बिक्रेताबाट खाद्य वस्तु प्राप्त गरी सर्वसाधारणलाई बिक्रीवितरणको व्यवस्था गर्ने,

(त) थोक वा खुद्रा व्यवसायलाई व्यवस्थित गर्न त्यस्ता व्यवसायसँग सम्बन्धीत व्यापारिक फर्म वा कम्पनीको नाम, ठेगाना, उपभोग्य वस्तुको मौज्दातलगायत अन्य आवश्यक विवरण खुलाउन लगाई उचित मूल्यमा एकरूपता कायम गर्न आवश्यक व्यवस्था गर्ने,

(थ) उपभोक्ताको हकहित संरक्षण गर्न र आपूर्ति व्यवस्थालाई निर्यामत गर्नको लागि कुनै उपभोग्य वस्तु वा सेवाको कृत्रिम अभाव हुन नदिन वा सबै ठाउँमा नियमित रूपमा उपभोग्य वस्तु वितरण गर्न सम्बन्धीत निकायहरूसँग समन्वय गर्ने,

(द) उपभोग्य वस्तुको बिक्रीवितरण प्रणालीलाई निर्यामत गर्ने र अनुपयुक्त तवरले अभाव सिर्जना गर्ने वा कालोबजारी गर्ने काम वा अनुचित व्यापारिक क्रियाकलापलाई नियन्त्रण गर्ने,

(ध) निर्माण सामाग्री तथा नगरपालिका भित्र सामान भण्डारण, ढुवानी तथा व्यवस्थापन मापदण्ड बनाई कार्यान्वयनमा ल्याउने,

(न) आवश्यकता अनुसार छड्के सुपरिवेक्षण तथा अनुगमन गरी कारबाही गर्ने,

(प) बजार अनुगमन समिति गठन गर्ने,

(फ) नगरपालिकाको आवश्यकता अनुसार संघीय एवं प्रदेशस्तरीय बजार अनुगमन समिति तथा विभिन्न विषयगत अनुगमन समितिहरूलाई बजार अनुगमन गर्न सहजीकरण गर्ने वा लेखी पठाउने ।

(ब) उपभोक्ताहीत संरक्षण तथा स्वच्छ बजार व्यवस्थापनसम्बन्धमा तोकिएबमोजिमका अन्य काम गर्ने, गराउने ।

(२) समितिले छड्के सुपरिवेक्षण तथा अनुगमन गर्दा यस ऐनको व्यवस्था प्रतिकूल कसैबाट काम कारबाही भएको पाइएमा सुपरिवेक्षण तथा अनुगमन गरिएको फाइलसाथ आवश्यक कारबाहीका लागि नगर प्रमुखकोमा पठाउनु पर्नेछ ।

(३) सम्बन्धीत निकायले पनि सोसम्बन्धमा भएको काम कारबाहीको जानकारी समितिलाई गराउनु पर्नेछ ।

(४) समितिले बजार छड्के अनुगमन गर्दा यस ऐनबमोजिम निरीक्षण अधिकृतलाई प्राप्त सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ ।

**२३. <u>बजार अनुगमन समितिको गठनः</u>** (१) यस ऐनबमोजिम अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप भए नभएको, मूल्यसूची राखे नराखेको, वस्तु वा सेवाको गुणस्तर, मूल्य, परिमाणका सम्बन्धमा निर्यामत रूपमा बजार अनुगमन तथा निरीक्षण गर्न देहायबमोजिमको बजार अनुगमन समिति गठन गर्न सक्नेछ ।

| | |
|---|---|
| (क) नगरपालिकाको सम्बन्धित शाखाको प्रमुख | संयोजक |
| (ख) सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले अनुगमनका लागि तोकेको जनप्रतिनिधि | सदस्य |
| (ग) स्थानीय प्रशासनको प्रतिनिधि | सदस्य |
| (घ) स्थानीय सुरक्षा निकाय (नेपाल प्रहरी) को प्रतिनिधि | सदस्य |
| (च) नगरपालिका उद्योग वाणिज्य संघको प्रतिनिधि एक जना | सदस्य |
| (छ) पत्रकार महासंघ शाखाका प्रतिनिधि एक जना | सदस्य |

ठाकुरबाबा नगरपालिकाको उपभोक्ता संरक्षण तथा बजार अनुगमन ऐन, २०८०

(ज) राजस्व शाखाको प्रमुख वा कर्मचारी सदस्य

(२) उपदफा (१) बमोजिम गठित बजार अनुगमन समितिले अनुगमन गर्दा यस ऐनबमोजिम निरीक्षण अधिकृतलाई प्राप्त सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ ।

(३) बजार अनुगमन समितिको काम कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

(४) समिति र अनुगमन समितिका बैठक तथा सेवाका शर्त तथा सुविधासम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद-९

## बजार अनुगमनसम्बन्धी व्यवस्था

२४. **बजार अनुगमनमा हेर्नुपर्ने विषयः** (१) बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा देहायका विषय भए नभएको हेर्नुपर्नेछः

(क) बिक्रेता वा प्रदायकले नियामक निकायबाट कानूनबमोजिम प्रदान गरिने गरेको व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (पान) को प्रमाणपत्र लगायतका आवश्यक कागजातहरू, प्रमाणपत्र नियमित रूपमा नवीकरण,

(ख) बिक्रेता वा प्रदायकले आफ्नो व्यवसायको नगरपालिकाले तोकेबमोजिमको साइनबोर्ड राखेको,

(ग) प्रदायकले वस्तुको बिक्री कक्षमा मूल्यसूची राखेको,

(घ) माल, वस्तुको परिमाण, मूल्य, गुणस्तर र तौल,

(ङ) प्याकेजिङ गरिएको वस्तुको लेबलमा उत्पादक वा पैठारीकर्ताको नाम, उत्पादन मिति, उपभोग्य अवधि वा मिति, अधिकतम खुद्रा मूल्य, मिश्रण, भण्डारण र उपभोग गर्ने तरिका,

(च) औषधि बिक्री गर्न इजाजतप्राप्त व्यक्ति औषधि बिक्री स्थल, औषधि बिक्रेता प्रमाणपत्र,

(छ) उत्पादन मिति, उपभोग्य मिति केरमेट गरेको वा पुनः लेबालिङ वा छपाइ गरेको,

(ज) माछा मासु, फलफूल, तरकारी, मिठाई पसल, डेरी र होटेल वधशाला वा माछा, मासु बिक्रीस्थल सफासुग्घर र मापदण्ड,

(झ) बिक्रेताले क्रेतालाई वस्तुको बिर्लाबजक जारी गरे/नगरेको,

(ञ) अन्य तोकिएबमोजिमका कुराहरू ।

(२) बजार अनुगमनकर्ताले अनुगमन तथा निरीक्षण कार्य गर्दा देहायको विषयमा ध्यान दिनुपर्नेछः

(क) अनुगमन भ्रमणको टिपोटसम्बन्धी फाराम साथ लिई जानु पर्नेछ ।

(ख) अनुगमन भ्रमणसम्बन्धी सूची (चेक लिस्ट) साथ लिई जानु पर्नेछ ।

(ग) स्थानीय प्रशासन र प्रहरीलाई अनुगमन पूर्व वा अनुगमनपछि सूचना गर्न तयारी गर्नुपर्नेछ ।

(घ) अत्यावश्यक वस्तु तथा सेवामध्ये कुनकुन विषयलाई पहिलो प्रार्थमकतामा राख्ने भन्ने किटान गरी विषयसूची तयार गर्नुपर्नेछ ।

(ङ) वस्तु तथा सेवाको आपूर्ति, बिक्री वितरण, मूल्य, गुणस्तर आदिको बारेमा पर्याप्त सूचना र जानकारी हासिल गर्नु पर्नेछ ।

(च) अनुगमन वा निरीक्षण गर्न जानु अगावै तालिका बनाई आवश्यक पूर्व तयारी गर्नुपर्नेछ ।

(छ) आकस्मिक/ आवधिक /प्रवर्द्धनात्मक / उद्देश्यमूलक अनुगमन गर्ने सम्बन्धमा निरीक्षण पुर्वको गोपनीयता कायम गर्नुपर्नेछ ।

(ज) तोकिएबमोजिमका अन्य कुराहरू गर्नुपर्नेछ ।

(३) अनुगमनकर्ताले अनुगमनका क्रममा प्रदायकसँग तोकिएबमोजिमको व्यवहार गर्नुपर्नेछ ।

(४) अनुगमनसम्बन्धी अन्य प्रक्रिया तोकिएबमोजिम हुनेछ ।

**२४. <u>आचारसंहिता</u>ः** बजार अनुगमन टोली र अनुगमनकर्ताले बजार अनुगमन गर्दा देहायबमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछः-

(क) अनुगमन टोलीले अनुगमन गर्ने स्थल र अनुगमन गरिने वस्तुको बारेमा सो कार्यमा संलग्न सदस्यहरू बाहेक अरू कसैलाई पनि सो बारेमा पूर्व सूचना वा जानकारी गराउनु हुँदैन,

(ख) अनुगमनमा खटिने व्यक्तिले आफ्नो नातागोता वा इष्टमित्र कहाँ अनुगमन गर्न जानु हुँदैन,

(ग) अनुगमन कार्यमा संलग्न कुनै पनि सदस्यले अनुगमन गर्ने बिक्रेता व्यवसायीबाट कुनै पनि किसिमको चन्दा, दान, दातव्य वा उपहार स्वीकार गर्नु हुँदैन,

(घ) अनुगमन गर्न जाँदा प्रदायकहरूले दिएको सुविधा तथा आतिथ्य स्वीकार गर्नुहुँदैन,

(ङ) कुनै किसिमको प्रलोभनवा मोलाहिजामा पर्नु हुँदैन,

(च) अनुगमनको कारबाहीसम्बन्धी सूचना प्रवाह गर्दा अनुगमन टोलीको नेतृत्व गर्ने व्यक्तिबाट मात्र प्रवाह गर्नुपर्नेछ तथा अनुगमन टोलीमा रहने अन्य सदस्यहरूको जानकारी दिनु हुँदैन,

(छ) बजार अनुगमनगर्दा अनुगमन टोलीका पदाधिकारीहरू प्रदायक समक्ष मर्यादित तरिकाले प्रस्तुत हुनुपर्ने र व्यवसायीको भण्डारण स्थल वा पसलबाट जथाभावी तरिकाले माल वस्तु निकाल्नु हुँदैन,

(ज) अनुगमन टोलीका कुनै सदस्यले अनुगमनसम्बन्धी कार्य गर्दा गोप्यता भङ्ग गर्ने लगायत अन्य कुनै गैरकानूनी काम गरेमा कर्मचारी भए प्रचालित कानूनबमोजिम विभागीय कारबाही गर्न र अन्य व्यक्ति भए टोलीबाट हटाई प्रचलित कानूनबमोजिम कारबाही गर्न सकिनेछ,

(झ) मानव अधिकारवादी संघ संस्था, उपभोक्ता हकहित संरक्षण कार्यमा संलग्न संस्थाहरू, विभिन्न सञ्चार माध्यममा कार्यरत सञ्चारकर्मी प्रतिनिधिहरूले अनुगमनकार्यलाई सहयोग पुग्ने गरी अनुगमन प्रक्रियाको स्थलगत अवलोकन गर्न सक्नेछन् । सरसामान जफत गर्ने, धुल्याउने वा नष्ट गर्ने वा सिलबन्दी गर्ने कार्यमा सम्बन्धित आधिकारिक कर्मचारी वा प्रहरीद्वारा नै कार्य सम्पन्न गर्नुपर्नेछ ।

(ज) निर्वाचित पदाधिकारीले अनुगमन गर्दा गराउँदा स्वार्थ सम्बन्ध भएको स्थानमा अनुगमन गर्नु हुँदैन।

## परिच्छेद- १०

## निरीक्षण अधिकृत सम्बन्धी व्यवस्था

२६. **निरीक्षण अधिकृत खटाउन सकिनेः** (१) नगरपालिकाले प्रचलित कानून वा यस ऐन वा तोकिएबमोजिमको बजार अनुगमन, अनुसन्धान लगायतका काम गर्न कुनै अधिकृत कर्मचारीलाई निरीक्षण अधिकृतको रूपमा खटाउन सक्नेछ ।

(२) नगरपालिकाले आवश्यक देखेमा प्रचलित नेपाल कानूनबमोजिमको कुनै निरीक्षण अधिकृत तोक्नको लागि कुनै अधिकृत कर्मचारीलाई सिफारिस गर्न सक्नेछ ।

(३) निरीक्षण अधिकृतको पदमा नियुक्ति हुने व्यक्ति कुनै विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको र कम्तीमा अधिकृतस्तर छैठौं तहको पदमा कार्यरत रहेको हुनुपर्नेछ ।

(४) यसरी निरीक्षण अधिकृत नियुक्ति वा सिफारिस गर्दा बजार हेर्ने सम्बन्धित शाखा प्रमुखलाई नियुक्ति वा सिफारिस गर्नुपर्नेछ ।

२७. **निरीक्षण अधिकृतको काम, कर्तव्य र अधिकारः** निरीक्षण अधिकृतको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) उपभोग्य वस्तुको उत्पादन, बिक्रीवितरण गर्ने वा कुनै सेवाप्रदान गरेको ठाउँमा प्रवेश गरी निरीक्षण गर्ने,

(ख) उपभोग्य वस्तुको उत्पादन, बिक्रीवितरण गर्ने वा सेवा प्रदान गर्ने व्यक्तिसँग आवश्यक विवरण वा जानकारी लिने,

(ग) उपभोग्य वस्तुको उत्पादन, बिक्रीवितरण गर्ने वा कुनै सेवा प्रदान गर्ने व्यक्तिसँग वा सोसँग सम्बन्धित अन्य व्यक्तिसँग आवश्यक बयान लिने,

(घ) कुनै उपभोग्य वस्तुको परीक्षण गर्न आवश्यक देखिएमा आवश्यक पर्ने परिमाणमा नमुना लिई प्रयोगशालामा परीक्षण गर्न लगाउने,

(ङ) कुनै उपभोग्य वस्तु वा सेवाको तत्काल उत्पादन, बिक्रीवितरण वा सेवा प्रदानमा रोक लगाउन आवश्यक देखिएमा सो रोक लगाउने,

(च) कुनै उपभोग्य वस्तुको परीक्षण गर्न आवश्यक देखिएको कारणबाट त्यसको परीक्षणको लागि नमुना लिइएकोमा प्रयोगशालाबाट नमुनाको परीक्षण भई नआएसम्मको लागि त्यस्ता वस्तुको बिक्रीवितरणमा लगाउने,

(छ) निरीक्षण वा जाँचबुझको सिलसिलामा उत्पादक वा बिक्रेतालाई तत्काल कुनै आदेश दिन उपयुक्त देखिएमा सो आदेश दिने,

(ज) आवश्यकतानुसार अनुगमनका क्रममा उत्पादन स्थल, गोदाम र पसलको खानतलासी गर्ने,

(झ) तोकिएबमोजिमको अन्य कार्य गर्ने ।

ठाकुरबाबा नगरपालिकाको उपभोक्ता संरक्षण तथा बजार अनुगमन ऐन, २०८०

२८. <u>**निरीक्षण अधिकृतले अपनाउनुपर्ने कार्यविधिः**</u> निरीक्षण अधिकृतले निरीक्षण जाँचबुझ वा खानतलासी गर्दा अपनाउनु पर्ने कार्यविधि प्रचालित कानूनबमोजिम हुनेछ ।

## परिच्छेद- ११

## कसुर र सजाय सम्बन्धी व्यवस्था

२९. <u>**कसुर गरेको मानिने**</u>ः कसैले देहायको कामकारबाही गरे गराएमा यस ऐनअन्तर्गतको कसुर गरेको मानिनेछः

(क) दफा ६ को उपदफा (१) वा (२) विपरीत दर्ता वा अनुमति नलिई कारोबार सञ्चालन गरे, गराएमा ।

(ख) दफा ७ बमोजिम नवीकरण नगरी कारोबार सञ्चालन गरे, गराएमा ।

(ग) दफा ९ बमोजिम गुणस्तर वा मापदण्ड पूरा नगरी कारोबार सञ्चालन गरे, गराएमा ।

(घ) दफा १० बमोजिम अनुचित व्यापारिक क्रियाकलाप गरे, गराएमा ।

(ङ) दफा ११ को उपदफा (२) बमोजिम तोकिएभन्दा बढी बजार तह कायम गरी बिक्रीवितरण गरे,गराएमा ।

(च) दफा १२ को उपदफा (५) बमोजिम कसैले पनि कृत्रिम अभावको सिर्जना, जम्माखोरी, कृत्रिम मूल्यवृद्धि र नाफाखोरीजस्ता कार्य गरे, गराएमा ।

(छ) दफा १३ को उपदफा (१) बमोजिम नगरपालिका क्षेत्रभित्र वस्तु वा सेवाको व्यापार व्यवसाय गर्दा वा अनुमति प्राप्त गरेको स्थलमा बाहेक अन्यत्र सेवा सञ्चालन तथा वस्तुको बिक्रीवितरण गरे, गराएमा ।

(ज) दफा १३ को उपदफा (२) बमोजिम प्रदायकले तोकिएको स्थलबाहेक अन्यत्र वा निषेधित क्षेत्रमा सेवा वा वस्तुको बिक्रीवितरण गरे, गराएमा ।

(झ) दफा १४ को उपदफा (२) विपरीत बढी मूल्यमा बिक्री गरे गराएमा ।

(ञ) दफा १६ को उपदफा (१) बमोजिम प्रदायकले वातावरण स्वच्छ र सफा नराखेमा ।

(ट) दफा १७ को उपदफा (२) बमोजिम तोकिएको अधिकतम मूल्यभन्दा बढी हुने गरी वस्तु वा सेवाबिक्री गरे, गराएमा।

(ठ) दफा १८ बमोजिमका कार्य पूरा नगरेमा ।

(ड) दफा १९ को उपदफा (१) बमोजिम गुणस्तरहीन वस्तु र सेवाको उत्पादन, पैठारी तथा बिक्रीवितरण गरे, गराएमा ।

३०. <u>**जरिवानासम्बन्धी व्यवस्था**</u>ः (१) कसैले दफा २९ अन्तर्गत कसुर गरे, गराएमा बजार अनुगमन, निरीक्षण, जाँचबुझ वा खानतलासीको क्रममा तत्काल प्राप्त प्रमाणबाट वस्तुको उत्पादक, ढुवानीकर्ता,

सञ्चयकर्ता, पैठारीकर्ता, बिक्रेता वा सेवा प्रदायकलाई तत्कालै कसुरको मात्रा हेरी समिति वा निरीक्षण अधिकृतले देहायबमोजिम जरिवाना गर्न सक्नेछः-

(क) खण्ड (क), (ग) र (ङ) बमोजिमको कसुर गर्ने वा गराउनेलाई पाँचहजार रूपैयाँदेखि दशहजार रूपैयाँसम्म जरिवाना ।

(ख) खण्ड (ख), (छ), (ज), (झ) र (ठ) बमोजिमको कसुर गर्ने वा गराउनेलाई दशहजार रूपैयाँदेखि पन्ध्रहजार रूपैयाँसम्म जरिवाना ।

(ग) खण्ड (घ), (च), (ज), (ट) र (ङ) बमोजिमको कसुर गर्ने वा गराउनेलाई पच्चिसहजार रूपैयाँदेखि पचासहजार रूपैयाँसम्म जरिवाना ।

(३) उपदफा (१) बमोजिम जरिवाना गरिएकोमा बजार अनुगमन, निरीक्षण, जाँचबुझ वा खानतलासी गरेको मितिले सात दिनभित्र सो जरिवाना नतिर्ने, नबुझाउने प्रदायक विरुद्ध नगरपालिकाले देहायको कार्य गर्न सक्नेछः

(क) जरिवाना भएको रकम नबुझाएसम्म त्यस्तो वस्तु वा सेवा सिलबन्दी गरेर राख्ने,

(ख) जरिवाना भएको रकम नबुझाएसम्म त्यस्तो वस्तु वा सेवाको उत्पादन, ढुवानी, पैठारी वा बिक्री गर्ने अन्य वस्तुसमेत रोक्का राख्ने ।

(४) यस दफाबमोजिम गरेको जरिवाना उपर चित्त नबुझेमा निर्णय भएको मितिले पैंतीस दिनभित्र जिल्ला अदालतसमक्ष पुनरावेदन गर्न सक्नेछ ।

(५) अन्य दफाहरूमा जेसुकै लेखिए पनि यस ऐनबमोजिम बजार अनुगमनका क्रममा गम्भीर प्रकृतिको कसुरमा बाहेक कम जरिवानासम्म हुन सक्ने सामान्य प्रकृतिका कसुरमा कसुरदारले कसुर स्वीकारी सुधार गर्ने प्रतिबद्धता जनाएको अवस्थामा एउटा प्रदायकलाई फरकफरक प्रकृतिको कसुरमा गरी बढीमा दुई पटकसम्म सुधार गर्ने मौका प्रदान गरी कारबाही स्थगन गर्न सक्नेछ ।

**३१. <u>सजायसम्बन्धी अन्य व्यवस्था</u>ः** (१) दफा ३० मा उल्लिखित जरिवानासम्बन्धी व्यवस्थाबाहेकको कसुरमा प्रचलित नेपाल कानूनबमोजिम सजाय हुनेछ ।

(२) यस ऐनबमोजिम गरिएको जरिवानाले प्रचालित कानूनबमोजिम सजाय गर्न बाधा पुस्याएको मानिने छैन ।

## परिच्छेद- १२

## उजुरी तथा अनुसन्धान सम्बन्धी व्यवस्था

**३२. <u>उजुरी दिन सक्ने</u>ः** (१) यस ऐन वा यस ऐनअन्तर्गतको नियम विपरीत कुनै प्रदायकले कुनै कसुर गरेको पाइएमा नगरपालिकामा उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उजुरी भन्नाले लिखत, मौखिक वा सार्वजनिक सञ्चार माध्यमबाट प्राप्त सूचनालाई समेत उजुरीको रूपमा ग्रहण गर्न सक्नेछ ।

ठाकुरबाबा नगरपालिकाको उपभोक्ता संरक्षण तथा बजार अनुगमन ऐन २०८०

(३) उपदफा (१) वा (२) बमोजिम प्राप्त उजुरी वा सूचना वा अन्य कुनै सरकारी निकायबाट अनुगमनको लागि लेखी आएमा, समिति वा बजार अनुगमन समिति वा बजार अनुगमन टोलीले एकआपसमा समन्वय गरी अनुगमन तथा निरीक्षण गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा प्रदायकले यस ऐनको विपरीत व्यापारिक क्रियाकलाप गरेको पाइएमा तत्काल कारबाही चलाइनेछ ।

(५) उपदफा (४) बमोजिम अनुगमन टोलीले गरेको काम कारबाहीमा चित्त नबुझेमा प्रदायकले समिति समक्ष लिखित रूपमा उजुरी दिन सक्नेछ ।

**३३. <u>प्रचलित कानुनबमोजिम मुद्दा चलाउन बाधा नपुग्ने</u>** : यस ऐनबमोजिम कसुर ठहर्ने कुनै काम अन्य कानूनबाट समेत कसुर ठहरिने रहेछ भने त्यस्तो कानूनबमोजिम मुद्दा चलाउन बाधा पर्ने छैन ।

**३४. <u>सुचना दिने, अनुगमन तथा अनुसन्धानको काममा सहयोग गर्नेलाई प्रोत्साहन स्वरूप पुरस्कृत गर्ने</u>:**

(१) यस ऐन बमोजिमको कसुरमा सूचना दिने तथा अनुसन्धानको काममा सहयोग गर्ने व्यक्ति वा संस्थालाई कसुरदारबाट असुल भएको बिगोको पच्चीस प्रतिशतसम्मको रकम पुरस्कार दिइनेछ ।

(२) यस ऐनबमोजिमको कसुरका सम्बन्धमा सही सूचना दिने र अनुसन्धान काम कारबाहीमा सहयोग पुगाउने व्यक्ति वा संस्थालाई सूचना सङ्कलन गर्दा वा सूचना दिँदा लागेको उचित खर्च रकम नगरपालिकाले प्रोत्साहन स्वरूप दिन सक्नेछ।

(३) यस दफाबमोजिम सूचना दिने व्यक्तिले चाहेमा निजको नाम, ठेगाना तथा निजबाट प्राप्त भएको सूचनासम्बन्धी विवरण गोप्य राखिनेछ ।

## <u>परिच्छेद -१३</u>

## <u>विविध</u>

**३५. <u>प्रयोगशाला सञ्चालनसम्बन्धी व्यवस्था</u>:** नगरपालिकाको बजार अनुगमन पश्चात् सङ्कलन गरिएको नमुना खाद्य वस्तुको परिक्षण गर्नको लागि अत्याधुनिक प्रविधिसहितको एक प्रयोगशाला स्थापना गर्नेछ।

(२) प्रयोगशाला सञ्चालनसम्बन्धी अन्य व्यवस्था नगरपालिकाले तोकेबमोजिम हुनेछ ।

**३६. <u>समितिको कार्यक्रम तथा बजेट</u>:** (१) नगरपालिकाले बजार व्यवस्थापन, अनुगमन तथा उपभोक्ता सचेतना अभिवृद्धिको लागि वार्षिक कार्यक्रम र बजेट विनियोजन गर्नेछ ।

(२) नगरपालिकाले नेपाल सरकार तथा प्रदेश सरकारबाट बजार अनुगमन तथा व्यवस्थापन तथा उपभोक्ताहित संरक्षणको सचेतनाको लागि अनुदान प्राप्त भएमा उपदफा (१) बमोजिमको कार्यक्रममा समावेश गर्नेछ ।

(३) नगरपालिकाले बजार व्यवस्थापन, अनुगमन तथा उपभोक्ता सचेतना अभिवृद्धिको लागि नेपाल सरकार, प्रदेश सरकार, सहकारी, निजी क्षेत्र, उपभोक्ताहित सरक्षणसँग सम्बन्धीत संघ-संस्थासँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

**३७. स्थानीय प्रशासनको कर्तव्यः** समिति, बजार अनुगमन समिति वा टोली र निरीक्षण अधिकृतले बजार अनुगमनका क्रममा सहयोग माग गरेमा सुरक्षा लगायतका आवश्यक सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासनको कर्तव्य हुनेछ ।

**३८. वार्षिक प्रगति विवरणः** नगरपालिकाले उपभोक्ता हित सम्बन्धी कार्यको वार्षिक प्रगति विवरण तयार गरी सार्वजनिक गर्नुपर्नेछ ।

**३९. असल नियतले गरेका कामको बचाउः** यस ऐनबमोजिम बजार अनुगमन गर्दा असल नियतले गरेका काममा अनुगमन गर्ने व्यक्ति उपर कुनै कारबाही हुने छैन ।

**४०. नियम, कार्यविधि, निर्देशिका, मापदण्ड बनाउन सक्नेः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियम, कार्यविधि, निर्देशिका, मापदण्ड बनाउन सक्नेछ ।

**४१. फारामहरूको ढाँचा सम्बन्धी व्यवस्थाः** बजार अनुगमन, निरीक्षण, जाँचबुझ वा खानतलासी प्रयोजनका लागि वस्तु तथा सेवाको वर्गीकरण, बजार अनुगमन फाराम, मुचुल्का र तारेखका ढाँचाहरू अनुसूचीमा उल्लिखित भए बमोजिम प्रयोग गर्नुपर्नेछ ।

**४२. खारेजी र बचाउः** (१) ठाकुरबाबा नगरपालिकाबाट गरिने बजार अनुगमन सम्बन्धी निर्देशिका, २०७६ खारेज गरिएको छ ।

(२) ठाकुरबाबा नगरपालिकाबाट गरिने बजार अनुगमन सम्बन्धी निर्देशिका, २०७६ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(३) यस ऐन बमोजिम नियम, कार्यविधि, निर्देशिका, मापदण्ड नगरपालिकाले नबनाउञ्जेलसम्मका लागि प्रदेश वा संघीय कानूनलाई आधार बनाई कार्य गर्न सकिनेछ ।

ठाकुरबाबा नगरपालिकाको उपभोक्ता संरक्षण तथा बजार अनुगमन ऐन, २०८०

**अनुसूची -१**

**(दफा ४१ सँग सम्बन्धित)**

**(अ) अनुगमन गरिने वस्तुको वर्गीकरणः**

बजार अनुगमन, निरीक्षण, जाँचबुझ वा खानतलासी प्रयोजनका लागि विभिन्न उपभोग्य वस्तु तथा सेवाको निम्नानुसार वर्गीकरण गरिएको छः-

**समूह "क" -खाद्यान्न माछा/मासुजन्य/तरकारी फलफूल/देनिक उपभोग्य माछा/मासुजन्य/तरकारी फलफूल/दैनिक उपभोग्यः**

(१) खाद्यान्न तथा खाद्य पदार्थहरू नून, चिनी, चिया, कफी, मह, प्रशोधित पानी आदि,

(२) अप्रशोधित, अर्धप्रशोधित वा प्रशोधित खाद्य पदार्थहरू,

(३) प्रशोधित खाद्य पदार्थ उत्पादन गर्न प्रयोग गरिने कच्चा पदार्थ,

(४) खाद्य पदार्थ उत्पादन गर्ने उद्योग,

(५) खाद्य पदार्थ विक्री वितरण गरिने विक्रीस्थल र भण्डारगृह वा संचय स्थल,

(६) खाने तेल, घिउ (वनस्पती घिउ समेत),

(८) दुध तथा दुग्ध पदार्थहरू र दुध प्याकिङ्ग गर्न प्रयोग हुने प्लाष्टिक पाउचहरू,

(९) माछा, मासु, अण्डा,

(१०) मसलाजन्य पदार्थहरू (जिरा, मरिच, अदुवा, लसुन, धनिया, बेसार, ज्वानो, मेथी, ल्वाङ, सुकुमेल, अलैंची, दाल्चिनी र खुर्सानी लगायतका मसलाको रूपमा उपभोग गरिने पदार्थहरू)

**समूह "ख" औषधी एवं स्वास्थ्य सेवाः**

(१) औषधी तथा औषधीजन्य पदार्थहरू (पशुपंक्षी औषधी तथा जडिबुटीमा आधारित औषधी समेत),

(२) औषधी उत्पादन गर्ने उद्योग तथा बिक्री वितरण गरिने स्थल,

(३) अस्पताल, नर्सिङहोम, क्लिनिक आदि स्वास्थ्य सेवा प्रदायक संस्थाहरु ।

**समूह "ग" रासायनिक मल/विषदी/विउ बिजन/कृषि औजारः**

(१) पशुपंक्षी आहार र त्यसमा प्रयोग हुने कच्चा पदार्थहरू समेत,

(२) रासायनिक मल, विषादी, बिउविजन, कृषि औजारहरु ।

**समूह "घ" इन्धनः**

(१) इन्धन भण्डारण, पेट्रोलियम पदार्थको नापतौल, गुणस्तर मूल्य तथा मापदण्डहरूको परिपालना,

**समूह "ङ" निर्माण सामाग्रीः**

(१) ढुङ्गा, इटा, गिट्टी, बालुवा बगायतका निर्माण सामाग्री तथा सोसँग सम्बन्धित उद्योग, भण्डारण स्थल र बिक्री वितरण स्थल ।

**समूह "च" शैक्षिक सामाग्रीः**

(१) पाठ्य सामग्री, स्टेशनरी लगायतका शैक्षिक सामाग्रीहरु ।

(२) शिक्षा निर्देशिका अनुसार विद्यालयहरुको शूल्क आदि ।

**समूह "छ" होटल/लज/रेष्टुरा/खाजाघर/चमेना गृहः**

(१) होटल /रेष्टुरा खाजाघर /चमेना गृह/बजको सरसफाइ तथा अन्य व्यवस्थापन,

(२) प्रशोधित र अप्रशोधित वस्तुहरुको भण्डारण,

(३) होटल, रेष्टुरा तथा मिठाई पसलहरूमा बिक्री हुने पकवान तथा प्याकेजिङ्ग गरी बिक्री हुने खाद्य पदार्थहरू, हल्का पेय पदार्थहरू, मदिराजन्य पदार्थ ।

**समूह "ज" <u>सुर्तिजन्य पदार्थः</u>**

(१) सुपारी, पानपराग, सुर्ती, विडी, चुरोट तथा सुर्तीजन्य पदार्थ ।

**समूह "झ" <u>नाप तौलः</u>**

(१) ढक, तराजु बगायतका नापतौलमा प्रयोग हुने उपकरणहरू ।

**समूह "ञ" <u>पशुपंक्षी हाट बजारः</u>**

(१) पशुपंक्षी हाटबजार तथा बिक्री स्थल ।

**समूह "ट" <u>सौन्दर्य सामाग्रीः</u>**

(१) बिभिन्न प्रकारका सौन्दर्य सामाग्रीहरु,

(२) व्यूटि पार्लर/सैलुन आदि ।

**समूह "ठ" <u>विद्युतीय सामानहरुः सामानहरुः</u>**

(१) विद्युतीय सामानहरू,

(२) इलेक्ट्रतिक्स सामानहरू ।

**समूह "ड" <u>रङ्ग/रोगनः</u>**

(१) विभिन्न कम्पनिका भवन सम्बन्धि रङ्ग र रङ्ग रोगन संबन्धी सामाग्रीहरु ।

**समूह "ढ" <u>गरगहनाः</u>**

(१) सुन, चाँदि, हिरा, मोती, जबाहरत तथा सो बाट निर्मित गरगहनाहरुको नापतौल एंव गुणस्तर ।

**समूह "ण" <u>सवारी साधन, ट्र्याक्टर अन्य कृषि औजार तथा उपकरण</u>**

(१) टयाक्सी मिटर शुल्क र रिक्सा, नगरबस आदिको भाडा आदि ।

**समूह "त" <u>अन्यः</u> कुटानी, पिसानी तथा तेल मिल, गल्ला खरिद बिक्री**

**टेण्ट हाउस, क्याटरिङ्ग तथा साउण्ड सिस्टम थप गर्नुपर्ने**

(१) अन्य उपभोग्य वस्तुहरूको उत्पादन स्थल, प्रशोधन स्थल, ढुवानीको अवस्था, बिक्री स्थलहरू,

**(आ) <u>बजार अनुगमन, निरीक्षण, जाँचबुझ गरिने सेवाको विवरणः</u>**

(१) व्यापारिक सेवा,

(२) संचार सेवा,

(३) स्थल यातायात तथा हवाई सेवा,

(४) बिद्युत सेवा,

(५) खानेपानी सेवा,

(६) विज्ञापन सेवा अन्य उपभोग्य सेवाहरू,

(७) स्वास्थ्य सेवा,

(८) शिक्षा सेवा,

(९) वित्तिय सेवाहरू, (१०) समितिले तोकेका अन्य सेवाहरू ।

**अनुसूची -२**

**(दफा ४१ सँग सम्बन्धित)**

**बजार अनुगमन फाराम**

व्यापारिक प्रतिष्ठानको नामः श्री मितिः

ठेगानाः प्रोपराइटर वा फर्मधनीको नामः

फोन नं.:

यस कार्यालयको नेतृत्वमा खटिएको बजार अनुगमन टोलीबाट तपाईको विक्रीस्थल/गोदाम/उद्योगको निरीक्षण गर्दा निम्न अनुरूपको स्थिति भेटिएकोले देहायअनुसार गर्नु गराउनु हुन निर्देशन दिइएको छः-

| क्र.सं. | विवरण | भएको | नभएको | टोलीबाट दिइएको निर्देशन |
|---|---|---|---|---|
| १ | मूल्य-सूची | | | |
| २ | साइनबोर्ड | | | |
| ३ | व्यवसायदर्ता नवीकरण | | | |
| ४ | नापतौलको प्रमाण | | | |
| ५ | लेबलमा खुलाउनुपर्ने कुराहरू स्पष्ट उल्लेख भए/नभएको | | | |
| ६ | म्याद नाघेको सामाग्री | | | |
| ७ | स्थायी लेखा नम्बर (प्यान) दर्ता प्रमाणपत्र | | | |
| ८ | बिक्री बिल दिने प्रक्रिया भए/नभएको | | | |
| ९ | खाद्य अनुज्ञा-पत्र (खाद्य उद्योगको लागि) | | | |
| १० | मासुको गुणस्तर सन्तोषजनक भए नभएको | | | |
| ११ | मिठाईको गुणस्तर लगायतका पक्षहरू सन्तोषजनक | | | |
| १२ | ग्याँसको तौल, मूल्य बगायतका विषय सन्तोषजनक | | | |
| १३ | खरिद बिल/नभएको | | | |
| १४ | यस अगाडिको निर्देशनमा पालना | | | |
| १५ | अन्य कैफियतपूर्ण स्थिति (खुलाउने) | | | |

एक पटक दिइएका निर्देशनहरू पुनः अनुगमन गर्दा पालना नभएको पाइएमा प्रचलित कानून बमोजिम कडा कारबाही हुनेछ ।

**बजार अनुगमन समिति**

१.. संयोजक श्री ............................ २. सदस्य श्री

३. सदस्य श्री .......................... ४. सदस्य श्री

.....................................................................................

मथि उल्लेखित विवरण ठीक छ भनी उत्पादक/बिक्रेताको नाम र सही

प्रतिष्ठानको छापः

## अनुसूची -३

## (दफा ४१ सँग सम्बन्धित)

## मुचुल्का

बर्दिया जिल्ला ठाकुरबाबा नगरपालिका वडा नं. टोल..................................मा खडा गरेको घटनास्थल "बरामदी /खानतलासी /शिलछाप लगाएको मुचुल्काः-

१. उजुरी वा सूचनाको छोटकरी विवरणः-

२. चार किल्ला सहित खानतलासी /बरामदी गरिएको चिज वस्तुको नमुना तथा ठाउँको विवरणः-

३. बरामद भएको सामान /दसीको विवरण /शिलछाप गरिएको विवरणः-

(क)

(ख)

४. खानतलासी /बरामदी भएको देखे बमोजिम सहि छाप गर्ने साक्षीः- (नाम, वतन समेत)

(क)

(ख)

५. रोहबरमा बस्नेहरूको नाम, थर, उमेर, वतन र सही छापः-

(क)

(ख)

६. निरीक्षण टालीलेले मेरो उद्योग, गोदाम,पसलमा अनुगमन गर्दा कुनै सामान हिनामिना भएको छैन । माथि प्रकरण ३ मा उल्लेख भएको चिज वस्तु तथा सामानहरू .............................................................उद्योग, गोदाम,पसलबाट बरामद भएको हो । साथै टोलीले लगाएको सिल थान......छाप भएको ठिक साँचो हो भनी सहिछाप गर्नेः-

(क)

(ख)

७ कार्य तामेली गर्नेः-

(क)

(ख)

मितिः

समयः

ठाकुरबाबा नगरपालिकाको उपभोक्ता संरक्षण तथा बजार अनुगमन ऐन, २०८०

**अनुसूची -४**

**दफा ४१ सँग सम्बन्धित**

**तारेख भरपाई**

पक्ष.......................

विपक्षः जिल्ला ....................... पालिका ...................वडा नं. ...................स्थायी घर भई हाल जिल्ला बर्दिया ठाकुरबाबा नगरपालिका वडा नं. .....बस्ते श्री ......................................को नाति/नातिनी................................. ...............................को छोरा/छोरी बर्ष.......... को .................................................. नामक व्यवसाय सञ्चालक श्री ..........................................

सम्पर्क नं. .............

**तारेख**

मिति साल ...... महिना .... गते रोज दिनको समय ............बजे उपस्थित हुनेछु भनी सही छाप गर्ने ।

हस्ताक्षरः

नामः

मिति ................ साल.................... महिना............ गते.................. रोज दिनको समय ...........बजे उपस्थित हुनेछु भनी सही छाप गर्ने ।

हस्ताक्षरः

नामः

मिति ................ साल.................... महिना............ गते.................. रोज दिनको समय ...........बजे उपस्थित हुनेछु भनी सही छाप गर्ने ।

हस्ताक्षरः

नामः

**आज्ञाले**

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगरपालिकाको उपभोक्ता संरक्षण तथा बजार अनुगमन ऐन, २०८०